# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं श्रावण १३ गते २००१ साल [ संख्या ५०

## भाग २

## अर्थ मन्त्रालयको सूचना

०६ साल जेष्ठ २५ गते श्री माननीय प्रधानमन्त्रीजिवाट रेडियोद्वारा प्रसारित गर्नुभएको नयाँ दरबन्दीको स्केलमा नखुलेको निम्नलिखित कुरामा स्पष्टीकरण गरिएको छ — — — —

पहिला कारिन्दा ठेकिएका विचारी दर्जालाई ५० देखि ६० सम्म र हाल शुरुमा पाउने ५४ भनी स्केल भएकोमा विचारी जतिको दरबन्दी खान्गी एकै नभै ४००।३६० को पनि विचारी भएको निजहरूलाई पनि स्केलबमोजिम एकैं रोल मिलाई तलबीफाराम चलाई पठाएको भनी १ दफामा लेखिएकोलाई मुखिया विचारीहरूलाई पहिलादर्जाका कारिन्दाको स्केलमा मिलाउने श्री प्रधानमन्त्रीजीका ०६।२।२५ मा भाषण भएको हुँदा साविकमा ५०० देखि घटी दरबन्दीका विचारीहरूलाई दोस्रादर्जाका कारिन्दामा राख्न भन्न नहुने हुनाले निजहरूलाई पनि पहिलादर्जाका कारिन्दा गरी स्केलबमोजिम महीना १ को ५४ देखि शुरुगर्ने गरिदिने - -- १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाकिम भनी नखुलेका वहीबुझाउनु पर्ने १००० पुगेका र ८०० खाने हाकिम डिट्ठा खरिदारलाई स्केलबमोजिम १२०० वा के गर्नेहो भनी २ दफामा लेखेकालाई उपरोक्त १ दफामा लेखिए बमोजिम श्री माननीय प्रधानमन्त्रिजीको भाषण हुँदा हाकिम डिट्ठा खरिदारलाई रु ८५ देखि शुरु गर्ने भएको हुँदा १००० देखि मनि ८०० सम्म खाने हाकिम डिट्ठा खरिदार र बहीबुझाउने डिट्ठा खरिदारहरुलाई पनि रु ८५ देखि शुरु गर्ने गरिदिने --२

टेम्पाररी भैरहेकाहरुलाई स्केलबमोजिम पुर्‍याई ख्वाएको भनी ३ दफामा लेखेकालाई मुनासिब देखिएकाले सोबमोजिम गरेको सदर गरिदिने --- ३

रु ३०० खाने थार्ड क्लर्कलाई डिस्पाच क्लर्कलाई जुनियर क्लर्कको स्केल बमोजिम तलब खुवाउने आदेश चाहिने भनी ५ दफामा लेखेकालाई डाइक-क्लर्क डिस्पाच क्लर्क पनि जुनियर क्लर्कसरहकै हुँदा दोस्रादर्जाको कारिन्दा गरी दोस्रादर्जाको स्केलबमोजिम गर्ने गरिदिने ----- --- ४

अड्डाखानाका टहलुवालाई स्केलबमोजिम खुवाएको अरू भान्छे टहलुवालाई समेत स्केलबमोजिम नखुवाएकाले त्यसको पनि प्रबन्ध हुनुपर्ने भनी लेखेकालाई भान्छे टहलुवामा धेरै किसिम भएकोले अड्डाखानाबाहेक अन्तका सबै भान्छे टहलुवाहरूको लिए पछि निर्णय हुने भै रहेको हुँदा सिधा र भात खान नपाउने स्कूल पाठशालाका टहलुवाहरुलाई पनि अड्डाखाना टहलुवासरह अर्दली गरी मैना १ को तलब २२ महगी ८ का दरले पाउने गरी दिने --- ५

समरजङ कम्पनी दुर्गावक्स कम्पनी शार्दूलजङ कम्पनीका र सदर पल्टन पल्टनमा हाजिर गर्ने खरिदार डिट्ठा मुखिया राइटर बहीदार समेतका कारिन्दाहरूलाई स्केलबमोजिम पाउने नपाउने आदेश चाहियो भनी लेखेकालाई सो पलटन कम्पनीका निजाभती दर्जाका जवानहरूले पनि उपरोक्त लेखिए-बमोजिम भाषण भएका स्केलबमोजिम पाउने हुँदा सोबमोजिम पाउने गरिदिने --६

सेक्रेटरी--अर्थमन्त्रालय

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।